परिवर्तन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

पुतलाचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

क्याटलग सपिङ्ग विधिद्वारा एम्बुलेन्स (ख बर्ग) खरिद सम्बन्धि आह्वान गरेको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०८/०३

प्रस्तुत विषयमा यस परिवर्तन गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत कार्यक्रम अनुसार देहायको एम्बुलेन्स सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ (क)(८) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) बमोजिम उत्पादक कम्पनी वा सोको आधिकारिक बिक्रेताहरू विच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट एम्बुलेन्स (ख वर्ग) खरिद गर्नु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त सवारी साधनको उत्पादक कम्पनी वा त्यसको आधिकारिक विक्रेताहरूले आफ्नो फर्म दर्ता, मु.अ.कर दर्ता, एजेन्सी दर्ता प्रमाण पत्र को प्रमाणित प्रतीलिपि, आ.ब. २०८३/०८४ सम्मको लागि फारम नविकरण भएको प्रमाण पत्र को प्रमाणित प्रतीलिपि, स्थाई लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतीलिपि, उत्पादक कम्पनी वा सोको आधिकारीक विक्रेताको आधिकारिक स्पेसिफिकेशन, मुल्य, गुणस्तर सहितको विवरण (क्याटलग/ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७(सात) औँ दिन १२.०० बजे सम्म यस परिवर्तन गाउँपालिका को कार्यालयमा निवेदन दर्ता गराउन यो सूचना आह्वान गरिएको छ।

दर्ता गरिएको सिलबन्दी प्रस्ताबहरू सोही दिन दिनको २.०० बजे खोलिने छ। सिलबन्दी प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिने छ।

आवश्यक मेसिनरी औजारको विवरण

क्र.सं.	मेसिनरी औजार	संक्षिप्त विवरण	संख्या	कैफियत
१	Procurement of B-Type Four Wheeler Ambulance	Four Wheeler Ambulance 4WD HRD	1 (One)	

नोटः यस सम्वन्धि विस्तृत प्राविधिक स्पेसिफिकेशन को लागी यस परिवर्तन गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्नुहुन वा गाउँपालिकाको वेबसाईट www.paribartanrmun.gov.np मा समेत उपलब्ध हुने व्यहोरा जानकारी गराईन्छ।

प्रमुख प्रशासकीय अधिकृत